# जनकनन्दिनी गाउँपालिका

विनियोजन ऐन, २०७७

गाउँसभाबाट स्वीकृत मिति : २०७७/०४/१६

जनक नन्दिनी गाउँपालिका

विनियोजन ऐन, २०७७

Scanned with CamScanner

# जनकनन्दिनी गाउँपलिकाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागी सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन

सभा वाट स्वीकृत मिति : २०७७/०४/१६

**प्रस्तावना :** जनकनन्दिनी गाउँपालिको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषवाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानो धारा २२९ को उप - धारा (२) वमोजिम जनकनन्दिनी गाउँ सभाले यो ऐन वनाएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भ :** (१) यस ऐनको नाम "जनकनन्दिनी गाउँपालिकाको विनियोजन ऐन २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

**२. आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरि जम्मा रकम रु. ४६,१२,५२,४३४।०४।- (रु.४६ करोड १२ लाख ५२ हजार ४ सय ३४ रुपैया ०४ पैसा मात्र) नवढाई निर्दिष्ट गरिएवमोजिम सञ्चित कोषवाट खर्च गर्न सकिने छ ।

**३. विनियोजन :** (१) यस ऐन द्वारा सञ्चित कोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त जनकनन्दिनी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषय गत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हुने शिर्षकवाट नपुग हुने शिर्षकमा रकम सार्न सकिने छ । यसरी रकम सार्दा एक शिर्षक वाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नवढ्ने गरि कुनै एक वा एक भन्दा वढी शिर्षकहरुवाट अर्को एक वा एक भन्दा वढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानि खर्च र व्याज भुक्तानि खर्च शिर्षकमा वाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानि खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानि खर्च शिर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय [illegible]को खर्च व्यहोर्न एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

Scanned with CamScanner

## अनुसुचि - १

(दफा २ संग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) वमोजिम

सञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क.सं. | अनुदान सं. | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | | | | |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानि | | | | |
| ५ | | लगानी (शेयर / ऋण) | | | | |

Scanned with CamScanner